# एनएमबि बैंक लिमिटेडको
# चौबीसौं वार्षिक साधारण सभाको विवरण (माईन्यूट)

## १. प्रारम्भिक :

एनएमबि बैंक लिमिटेडको मिति २०७६/०८/२४ गते बसेको सञ्चालक समितिको ३९६औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम बोलाइएको चौबीसौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

**साधारण सभा बसेको मिति, स्थान र समय:**

मिति : २०७६ साल पौष महिना २४ गते, बिहीवार (तदनुसार जनवरी ९, २०२०) ।

स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज), जावलाखेल, ललितपुर ।

समय : बिहानको १०:०० बजे ।

## २. उपस्थिति:

### (अ) सञ्चालकहरू:

| | | |
|---|---|---|
| (१) | श्री पवन कुमार गोल्याण | अध्यक्ष |
| (२) | श्री नन्द किशोर राठी | बैकल्पिक सञ्चालक |
| (३) | श्री राजेन्द्र काफ्ले | सञ्चालक |
| (४) | श्री हरिश्चन्द्र सुवेदी | सञ्चालक |
| (५) | श्री रवि शंकर सैंजू | सञ्चालक |
| (६) | श्री प्रदीप राज पाण्डे | स्वतन्त्र सञ्चालक |

### (आ) आमन्त्रित प्रतिनिधिहरू:

| | | |
|---|---|---|
| (१) | श्री मदन नारायण मल्लिक | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| (२) | श्री मदन सुवेदी | प्रतिनिधि, कर्मचारी सञ्चय कोष |
| (३) | श्री सुनिर कुमार ढुंगेल | प्रतिनिधि, एसएआर एशोसिएट्स (लेखापरीक्षक) |
| (४) | श्री मदन कुमार डंगोल | प्रतिनिधि, कानूनी सल्लाहकार |
| (५) | श्री आर्नो डि. भेंट | प्रतिनिधि, एफएमओ, नेदरल्याण्ड |
| (६) | श्री टि पुराहरन सि पि रामकृष्णन | प्रतिनिधि, यांग सियन रियाल्टी, मलेशिया |

### (इ) पदाधिकारीहरू:

| | | |
|---|---|---|
| (१) | श्री सुनिल के.सी. | प्रमुख कार्यकारी अधिकृत |
| (२) | श्री प्रदीप प्रधान | प्रमुख संचालन अधिकृत |
| (३) | श्री सवनम लिम्बु जोशी | प्रमुख मानव संशाधन अधिकृत |
| (४) | श्री शरद तेगी तुलाधर | प्रमुख जोखिम अधिकृत |
| (५) | श्री गोविन्द घिमिरे | प्रमुख व्यवसाय अधिकृत |
| (६) | श्री सुदेश उपाध्याय | प्रमुख व्यवसाय अधिकृत तथा जोखिम अधिकृत |
| (७) | श्री प्रमोद कुमार दाहाल | प्रमुख आन्तरिक लेखापरीक्षण तथा एएमएल अधिकृत |
| (८) | श्री नविन मानन्धर | प्रमुख वित्त अधिकृत |
| (९) | श्री रोशन रेग्मी | प्रमुख, प्रडक्ट डिजिटल च्यानल एण्ड रिटेल सेल्स |

(ई) **शेयरधनीहरू:**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या | १७३ | २,६०७ | २,७८० |

३. **सभाको सभापतित्व तथा वैधानिकता :**

वार्षिक साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणलाई सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गरिए अनुरूप उहाँले सभाको सभापतित्व गर्नुभयो । बैंकको चौबीसौं वार्षिक साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरूले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको सभापतिज्यूको आज्ञाले कम्पनी सचिव श्री ध्रुब प्रसाद अधिकारीले देहायका विवरणहरू प्रस्तुत गर्नुभयो ।

(क) **साधारण सभाको बारेमा सार्वजनिक सूचना:**

यस बैंकको चौबीसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनीहरूको जानकारीकालागि राष्ट्रिय दैनिक पत्रिका अन्नपुर्ण पोष्टमा क्रमश: मिति २०७६/०८/२६ र २०७६/०९/१४ गरी दुई पटक प्रकाशित गरिएको तथा एसएमएस मार्फत पनि जानकारी गराईएको र सभाको स्थान परिवर्तन सम्बन्धी सूचना मिति २०७६/०९/११ मा सोहि पत्रिकामा प्रकाशित गरिएको थियो । उल्लेखित साधारण सभाको सुचनाहरु प्रकाशित गर्दा कम्पनी ऐन, २०६३ को दफा ८४ को प्रयोजनार्थ आ.व. २०७५/७६ को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत दुई पटक सोहि पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, शेयरधनी महानुभावहरूको सुविधाको लागि संक्षिप्त वार्षिक आर्थिक विवरण तथा वार्षिक प्रतिबेदन बैंकको वेबसाइट **www.nmbbanknepal.com.np** मा पनि राखिएको थियो ।

(ख) **गणपूरक संख्या:**

१ यस साधारण सभा प्रयोजनको लागि बैंकको शेयरधनी दर्ता किताबमा शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०७६/०९/०४ मा कायम शेयरधनीहरूले लिएको शेयरको विवरण निम्नानुसार रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कूल संख्या | शेयरधनीहरू | ६२३ | १४०,७१३ | १,४१,३३६ |
| | शेयर | ५,८८,०१,६८२.७० | ५,६४,९५,७३४.३७ | ११,५२,९७,४१७.०७ |

कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपूरक संख्या (बैंकका शेयरधनीहरूको स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयरहरूको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या | शेयर धनी संख्या | १७३ | २,६०७ | २,७८० |
| | शेयर | ४,५८,२३,७०७ | २,३९,८३,६९० | ६,९८,०७,३९७ |
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयर | ७७.९३ | ४२.४५ | ६०.५५ |

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका बिषयहरू उपर छलफल गर्न आज मिति २०७६/०९/२४ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा २,७८० जना शेयरधनीहरूबाट यस बैंकको बाँडफाँड भएको कूल शेयर संख्याको ६०.५५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभा वैधानिक भएको सभालाई जानकारी गराईयो ।

४. **छलफलका विषयहरू :**

(क) **सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. ०७५/०७६ को वार्षिक प्रतिवेदन पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. ०७५/०७६ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने (सहायक कम्पनीहरु समेतको एकिकृत विवरण र साविक ओम डेभलपमेन्ट बैंक लि. को आ.व. ०७५/०७६ को वित्तीय विवरण लगायतका अन्य विवरणहरु समेत),

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व.०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने, (हालको लेखापरीक्षक श्री एस ए आर एशोसिएट्स, चार्टड एकाउन्टेन्ट पुनः नियुक्त हुनका लागि योग्य हुनुहुन्छ ।)

४. तत्कालिन ओम डेभलपमेन्ट बैंक लि. को आ.व. २०७६/०७७ को असोज १० गतेसम्मको लेखापरीक्षण गर्नका लागि भएको लेखापरीक्षकको नियुक्तिलाई अनुमोदन गर्ने ।

५ सञ्चालक समितिबाट सिफारिस भए बमोजिम हाल कायम चुक्ता पुँजी रु ११,५२,९७,४१,७०७/९६ को १४ (चौध) प्रतिशतका दरले हुन आउने रु १,६१,४१,६३,८३९/११ (अक्षेरेपि एक अरब एकसठ्ठी करोड एकचालीस लाख त्रीसठ्ठी हजार आठ सय उनान्चालीस र पैसा एघार मात्र) नगद लाभांश (कर प्रयोजनका लागि समेत) वितरणको लागि स्वीकृत गर्ने ।

(ख) **विशेष प्रस्ताव :**

१. बैंकको वर्तमान जारी पुँजी रु.११,५२,९७,४१,७०७/९६ (अक्षेरेपि एघार अरब बाउन्न करोड सन्तानब्बे लाख एकचालीस हजार सात सय सात र पैसा छयानब्बे मात्र) बाट बृद्धि गरी रु.१३,९५,०९,८७,४६६/९६ (अक्षेरेपि तेह्र अरब पन्चानब्बे करोड नौं लाख सतासी हजार चार सय छैसठ्ठी र पैसा छयानब्बे मात्र) पुर्‍याउन स्वीकृति प्रदान गर्ने,

२. बैंकको जारी पुँजी बृद्धि गरिने भएकाले सो वरावर चुक्ता पुँजी पुर्‍याउन वर्तमान चुक्ता पुँजीको २१ (एक्काईस) प्रतिशतको अनुपातमा रु.२,४२,१२,४५,७५९/- (अक्षेरेपि दुई अरब बयालीस करोड बाह्र लाख पैतालीस हजार सात सय उनान्सठी मात्र) वोनस शेयर जारी गर्न स्वीकृती प्रदान गर्ने,

३. वोनस शेयर जारी भए पश्चात बैंकको जारी पुँजी तथा चुक्ता पुँजी बृद्धि हुने भएकोले पुँजी बृद्धि लगायतका बिषयहरु समावेश गरि बैंकको प्रवन्धपत्र संशोधन गर्ने,

४. बैंकको नियमावलीमा संशोधन गर्ने,

५. अन्य बैंक तथा वित्तीय संस्थालाई प्राप्ति गर्ने तथा अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग मर्जर प्रकृया अघि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने तथा सोका लागि मुल्यांकनकर्ताको नियुक्ति तथा निजको पारिश्रमीक तोक्ने, गाभ्ने तथा प्राप्ति सम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

६. बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध ।

(घ) **निर्वाचन सम्बन्धमा**

१. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना तथा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना गरी ६ जना सञ्चालकहरुको निर्वाचन गर्ने,

## ५. सभाको शुभारम्भ :

वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पुरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री पवन कुमार गोल्याणले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

## ६. वार्षिक प्रतिवेदनको प्रस्तुति :

सभाको काम कारवाही शुरू गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले आफ्नो मन्तव्य राख्दै सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो । सो पश्चात पुर्व निर्धारित छलफलका विषय सूची अनुसारका बुँदाहरु लगायत लेखापरीक्षकको प्रतिवेदन, आ.व. ०७५/०७६ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण सहितको वार्षिक प्रतिवेदन (सहायक कम्पनीहरु समेतको एकिकृत विवरण र साविक ओम डेभलपमेन्ट बैंक लि. को आ.व. ०७५/०७६ को वित्तीय विवरण लगायतका अन्य विवरणहरु समेत) तथा आ.व. २०७६/०७७ को आश्विन मसान्तसम्मको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्दै साधारण सभा समक्ष आवश्यक छलफल गरी पारित गर्नका लागि अनुरोध गर्नुभयो ।

## ७. छलफलको लागि आह्वान :

साधारण सभामा निर्धारित प्रस्तावहरूको बिषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरूप सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सूचनामा प्रकाशित भए बमोजिमका छलफलका विषयहरु



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

उपर आ-आफ्नो मन्तब्य, बिचार, जिज्ञासा तथा सुझावहरू राख्न चाहाने शेयरधनी महानुभावहरूलाई सहभागी हुन सभापतिबाट अनुरोध भयो ।

८. **छलफलमा सहभागी हुने शेयरधनीहरू :**

देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागि भई आ-आफ्नो विचार तथा मन्तव्य राख्नु भएको थियो ।

| | | | |
|---|---|---|---|
| १. | श्री आर्नो डि. भेट (प्रतिनिधि एफएमओ) | ९. | श्री नरसिंह लाल चखूँ |
| २. | श्री अमृतनाथ रेग्मी | १०. | श्री डमरु बल्लभ घिमिरे |
| ३. | श्री मेजर कुवेर श्रेष्ठ | ११. | श्री शिव प्रसाद पौडेल |
| ४. | श्री मदन सुवेदी (प्रतिनिधि कर्मचारी सञ्चय कोष) | १२. | श्री राम गोपाल महर्जन |
| ५. | श्री शत्रुघन श्रेष्ठ | १३. | श्री डण्डपाणि भट्ट |
| ६. | श्री उद्वव प्रसाद घिमिरे | १४. | श्री चन्द्र नारायण श्रेष्ठ |
| ७. | श्री अर्जुन कुमार ढुंगेल | १५. | श्री पशुपति मिश्र |
| ८. | श्री भक्ति प्रसाद उप्रेती | १६. | श्री टि पुराहरन सि पि रामकृष्णन(प्रतिनिधि योंग लियन रियाल्टी |

९. **शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्य तथा सुझावहरूको संक्षिप्त विवरण :**

१) **श्री आर्नो डि. भेट:** उहाँले बैंकले राम्रो वित्तीय नतिजा ल्याउन सकेकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यवाद दिदै ओम डेभलपमेन्ट बैंक लि. का शेयरधनीहरुलाई स्वागत गर्नुभयो । उहाँले एफएमओले नेपालको एसएमई बजारको विकास र Environmental and Social Management System को विकासमा निरन्तर सहयोग गर्ने जानकारी गराउँदै एनएमबि बैंकले कर्जा जोखिमको क्षेत्रमा दक्षता हासिल गरेको छ र यस बैंकले देशको उर्जा क्षेत्रको विकासमा महत्वपूर्ण सहयोग गर्न सक्छ भन्ने धारणा राख्नुभयो । एनएमबि बैंक आईएफसि तथा सिडिसि जस्ता अन्तर्राष्ट्रिय संस्थाहरुले विश्वास गरेको नेपालको एक मात्र बैंक भएको र बैंक भित्र आन्तरिक सुशासन प्रभावकारी रुपमा व्यवस्थापन गरिएकोमा प्रमुख कार्यकारी अधिकृत तथा सञ्चालक समितिको प्रशंसा गर्नुभयो । आजको शेयरधनीहरुको यस सभाबाट योग्य सञ्चालकहरु निर्वाचित हुने विश्वास लिदै अब आउने सञ्चालकहरुलाई पुर्ण समर्थन गर्दछौं भन्नुभयो । साथै, नेपालको आर्थिक क्षेत्रको विकासमा एफएमओले निरन्तर सहयोग गरि रहने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । (अंग्रेजीमा व्यक्त गर्नुभएको मन्तव्यलाई नेपालीमा संक्षिप्त रुपान्तरण गरिएको)

२) **श्री अमृतनाथ रेग्मी :** उहाँले बैंक २४ वर्ष पुगेर २५ वर्ष लागेको छ, यो सिल्भरजुब्लीलाई विशेष रुपमा मनाउनु पर्छ भन्दै एफएमओले बैंकलाई फाइदा भएको र सोका लागि आफुले सगेत सहयोग गरेको बताउनु भयो । एफएमओलाई नेपालमा स्वागत गर्दछु भन्दै एफएमओ नेदरल्याण्ड्सबाट निर्यात व्यवसायको विस्तार तथा ट्रेड विजनेशको लागि विशेष सहयोगको अपेक्षा छ र Line of Credit का लागि समेत एफएमओ नेदरल्याण्ड्सलाई सहयोग गर्न अनुरोध गर्दछु भन्नुभयो । उहाँले उच्च पाँच बैंक भित्र एनएमबि बैंक पनि परेकोमा धन्यवाद दिनु हुँदै बैंकको शेयरधनी कोष राम्रो रहेको धारणा राख्नुभयो । साथै, बैंकको नाफा बढाउन आफु जस्तै संस्था खोजर अगाडी बढ्न, साधारण सभा जस्तै इन्भेष्टमेन्ट सेमिनारको आयोजना गर्न, खर्च कम गरि आम्दानी बढाउनका लागि विभिन्न सुझावहरु दिनुभयो ।

३) **श्री मेजर कुवेर श्रेष्ठ :** उहाँले साधारण सभामा उपस्थित बैंकका विदेशी शेयरधनीहरुलाई नेपालमा हार्दिक स्वागत गर्दै विदेशी शेयरधनी एफएमओ, नेदरल्याड्सलाई नेपालको जलविद्युत र उर्जा क्षेत्रमा लगानी गर्न अनुरोध गर्नुभयो र नेपालमा गरेको लगानीबाट राम्रो प्रतिफल प्राप्त हुने कुरा समेत अवगत गराउनु भयो ।

शेयरधनीहरुलाई हालसम्मकै राम्रो प्रतिफल दिएकाले बैंकका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतलाई धन्यवाद दिनु हुँदै अर्को बर्ष पनि यसैगरी प्रतिफल दिने गरी कार्य गर्न व्यवस्थापनलाई अनुरोध गर्नुभयो । साथै, बैंकको संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत दीर्घ रोगलागी उपचारार्थ आर्थिक अवस्था कमजोर भएका शेयरधनीलाई आर्थिक सहायता प्रदान गर्ने तर्फ ध्यान दिन समेत अनुरोध गर्नुभयो ।

४) **श्री मदन सुवेदी :** उहाँले ओम डेभलेपमेन्ट बैंकसँग मर्ज भई बैंकिङ्ग कारोबार सुरुवात गरेकोमा बधाई दिदै बैंकको २४औं वार्षिक साधारण सभाको सफलताको कामना गर्नुभयो । कर्मचारी सञ्चय कोष एनएमबि बैंकको सबैभन्दा ठुलो संथागत निक्षेपकर्ता रहेको तथा एनएमबि बैंकले प्रदान गर्ने ऋणमा वित्तीय साझेदारको रुपमा रहेको कुराको जानकारी गराउँदै कर्मचारी सञ्चय कोषले एनएमबि बैंकलाई सधै विकास निर्माण सम्बन्धी योजनाहरुमा लगानी गर्न समन्वय गरी सहकार्य गर्दै जाने कुराको प्रतिबद्दता व्यक्त गर्नुभयो । उहाँले एनएमबि बैंक सबल र समृद्ध बैंक भई बिना कुनै रोकावट अघि बढोस भनी शुभकामना दिदै आगामी दिनहरुमा बैंकले लगानीकर्ताकरुको सुरक्षा व्यवस्थामा तथा कर्मचारीको सन्तुष्टीको समेत ख्याल गर्दै अघि बढ्न आग्रह गर्नुभयो । साथै, कर्मचारी सञ्चय कोष र एनएमबि बैंकको साथ अझै बलियो हुँदै जाने प्रतिबद्दता समेत व्यक्त गर्नुभयो ।

५) **श्री शत्रुघन श्रेष्ठ :** उहाँले यस बैंकका विदेशी सञ्चालकलाई स्वागत गर्दै यस बैंकले ३५ प्रतिशत लाभांश दिई लाभांश प्रदान गर्ने बैंकहरुमा यस बैंक पहिलो भएको धारणा राख्नुभयो । साथै, ओम डेभलपमेन्ट बैंकसंग सफलता पूर्वक मर्जर सम्पन्न भएकोमा बैंकका अध्यक्षलाई धन्यवाद दिनुभयो । उहाँले बैंकको चुक्ता पूँजी बृद्धि भएको, निक्षेप तथा शाखा संख्या समेत बृद्धि भएको, बैंकले महिलाहरुलाई आत्मनिर्भर बनाउन तथा उनिहरुको क्षमता विकास गर्ने गरी नारी उद्यमशिल कर्जा प्रदान गरेको, बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई उनीहरुको सिप अनुसारको कर्जा प्रदान गरेको छ यो राम्रो कुरा हो भन्ने धारणा राख्नुभयो ।

६) **श्री उद्धव प्रसाद घिमिरे :** उहाँले बैंकको वासलात राम्रो रहेको तथा नराम्रो पक्ष केही नरहेको भन्दै नेपालको बैंक तथा वित्तीय संस्थाहरु मध्ये सबै भन्दा बढी ३५ प्रतिशत लाभांश दिनु भएकोमा तथा बैंकको Reserve र Surplus राम्रो भएकोमा सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिनुभयो । बैंकको Reserve र Surplus राम्रो देखिनु भनेको बैंकको अवस्था राम्रो हुनु हो भन्ने धारणा राख्दै बैंकको सात वटा प्रदेशमा रहेका शाखाहरुलाई प्रदेश अनुसार विभाजन गरी वार्षिक प्रतिवेदनमा राख्न, सरकारले स्थानीय तहहरुबाट नै खर्च गर्न थालेकाले स्थानीय तहमा शाखा स्थापना गरी बढी निक्षेप संकलन तथा कारोवार गर्न, एलसीको पोर्टफोलियो बृद्धि गर्न सुझाव दिदै फरेक्स कारोवारको कमिसन बढाउने तर्फ ध्यानाकर्षण गराउनु भयो । साथै, बैंकको वित्तीय सूचकहरु राम्रो भएकाले अध्यक्षलाई धन्यवाद दिदै अर्को वर्ष पनि यसै गरी लाभांश प्रदान गर्न अनुरोध गर्नुभयो ।

७) **श्री अर्जुन कुमार ढुंगेल :** उहाँले बैंकले ३५ प्रतिशत लाभांश दिएकोमा धन्यवाद दिंदै बैंकले विगत १८ महिनामा ८० प्रतिशत लाभांश दिएको छ भन्नु भयो । सर्वसाधारणहरुले बैंकबाट सजिलै सेवा लिन बैंकले एसएमई कर्जालाई प्रभावकारी रुपमा प्रवाह गर्नुपर्ने धारणा राख्दै साधारण सभाको कार्यक्रमलाई फेसबुकबाट समेत प्रत्यक्ष प्रसारण गर्दा राम्रो हुने, बैंकको संस्थागत सामाजिक उत्तरदायित्व (CSR) बाट भएको खर्चलाई तालिका बनाएर उल्लेख गर्दा राम्रो हुने लगायतका सुझावहरु दिनु भयो । उहाँले आउटसोर्स मार्फत स्टाफ राख्ने गरेकोमा गुनासो गर्दै खर्च कम गर्ने नाममा कसैको पनि श्रम शोषण गर्नु भएन, युवाहरुलाई जागिर दिने नाममा निक्षेप ल्याउने भाँडो मात्र बनाउनु भएन भन्दै इर्न्टनशिपमा काम गरिरहेका व्यक्तिहरुलाई पनि रकम प्रदान गरी काममा लगाउन सुझाव दिनु भयो ।

८) **श्री भक्ति प्रसाद उप्रेती :** उहाँले बैंकले गरेको प्रगतीका लागि धन्यवाद दिदै वार्षिक साधारण सभा पौष महिनाको अन्तिममा नगरी सकेसम्म कार्तिक, मंसिर महिना भित्र गर्न र सभा तोकिएकै समयमा सुचारु



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

गर्न अनुरोध गर्नुभयो । बैंकको अपार सम्भावनाको नारा जस्तै अर्को बर्ष पनि यसरीनै लाभांश दिने अपेक्षा गर्दै कस्ट अफ फण्ड र वेस रेट घटाउन, गैर बैंकिङ्ग सम्पत्तिलाई यथासक्य चाँडो घटाउन, अपलेखन गरिएका कर्जाहरुलाई असुल गर्न, Cyber Secutiry लाई बढाएर लान ध्यानाकर्षण गराउनु भयो । उहाँले निर्वाचित हुनुहुने सञ्चालहरुलाई बधाई छ भन्दै नगद लाभांश छिटो शेयरधनीहरुलाई प्रदान गर्न अनुरोध गर्नु भयो । साथै, बैंकको नारा हामी देख्छौं अपार सम्भावनालाई यथार्थमा बदलेको भविष्यमा देख्न पाईयोस भन्नु भयो ।

९) **श्री नरसिंह लाल चखुँ:** उहाँले वार्षिक प्रतिवेदनले बैंकको कार्यसम्पादन राम्रो रहेको देखाएको र लगानीकर्ताको हित र प्रतिफल सु-निश्चित गर्नमा बैंकका सम्पूर्ण अङ्गहरु लागेको आफुले पाएको धारणा राख्दै त्यसको लागि सञ्चालक समिति, व्यवस्थापन र मानव संशाधन टिमलाई धन्यवाद दिनुभयो । बैंकले Business Activities र Performance मा सफलता हासिल गरेको र अझ यसमा आम्दानीको क्षेत्रलाई पनि मजबुत बनाउनु पर्छ भन्दै बजार प्रतिस्पर्द्धात्मक रहेकोले प्रतिस्पर्द्धा गरी सफलता हासिल गर्नु पर्नेमा जोड दिनु भयो । साथै, फरेक्सको आम्दानीमा अझ सुधार गर्नु पर्ने, EPS, ROA र ROI मा सुधार गरेको भएपनि अझै सुधार गर्नका लागि व्यवस्थापन पक्ष चनाखो हुनु पर्ने, कर्जा असूली र कर्जा व्यवस्थापनमा सुधार गर्नु पर्ने, शाखाहरुको सुशासन पक्ष मजबुत गर्नु पर्ने, शाखाहरु नाफा मुखी हुनु पर्ने लगायतका सुझावहरु दिदै शेयरधनीहरुसंगको सम्बन्ध विकासमा पनि व्यवस्थापनले ध्यान दिनु पर्ने धारणा राख्नुभयो ।

१०) **श्री डमरु बल्लभ घिमिरे :** उहाँले आज यस्तो जाडोमा पनि शेयरधनीहरुको बाक्लो उपस्थितीले सभालाई हौसला बढाई दिएकोमा शेयरधनी मित्रहरु प्रति आभार ब्यक्त गर्दै बार्षिक साधारण सभा तोकिएको समयमा भएकोमा धन्यवाद दिनु भयो । उहाँले आगामी बर्षदेखि आश्विन वा कार्तिक महिनामा साधारण सभा गर्ने व्यबस्था मिलाउन व्यवस्थापनलाई अनुरोध गर्दै आगामी बर्ष पनि राम्रो प्रतिफल प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । साथै, आजको साधारण सभामा सञ्चालकहरुको निर्वाचन नभई सहमतिमा निर्विरोध सञ्चालकहरु नियुक्त होला भन्नेमा आशावादी भएको बेला चुनाब हुने कुरा सुन्दा अत्यन्त दुखी भएको धारणा राख्दै रिक्त रहेको सञ्चालकहरुको पदमा तुरुन्त छोटो समयको लागि सञ्चालक नियुक्त भएको र नियुक्त भएका सञ्चालक साधारण सभामा उपस्थित नहुनु भएको लगायतका गुनासाहरु तथा धारणाहरु राख्दै आगामी साधारण सभा पौष महिना भन्दा अगाडीनै सम्पन्न गर्न अनुरोध गर्नुभयो ।

११) **श्री शिव प्रसाद पौडेल :** उहाँले पौष महिनाको चिसोमा भन्दा वार्षिक साधारण सभा आश्विन कार्तिकमा नै सम्पन्न गर्न अनुरोध गर्दै बैंकले यस बर्ष शेयरधनीहरुलाई वितरण गरेको लाभांश प्रति धन्यवाद दिनु भयो । साथै, नगद लाभांशलाई आज भोली नै शेयरधनीहरुको खातामा आउने व्यवस्था गर्न र वोनस शेयरलाई ३/४ हप्ता भित्रै शेयरधनीहरुको खातामा आउने व्यवस्था गरियोस् भन्ने सुझाब दिनुभयो । उहाँले आजको यस साधारण सभाले लेखापरीक्षकलाई नियुक्त गरे पश्चात समयमा नै लेखापरीक्षण कार्य सम्पन्न गरि आश्विन कार्तिकसम्ममा आगामी वार्षिक साधारण सभा गर्नका लागि सहयोग गरिदिन लेखापरीक्षकलाई अनुरोध गर्नुभयो । साथै, ओम डेभलपमेन्ट बैंक लि. र एनएमबि बैंक लि. एक आपसमा गाभिए पश्चात ओम डेभलपमेन्ट बैंकको शाखाहरु रहेको बोर्डमा एनएमबि बैंकको मात्र नाम राख्न सुझाव दिनुभयो ।

१२) **श्री राम गोपाल महर्जन :** उहाँले ओम डेभलपमेन्ट बैंक लि. जस्तो राम्रो बैंकसंग भएको मर्जर प्रति खुशी व्यक्त गर्दै कतिपय कम्पनीहरुले मर्जर पश्चात दुई तीन बर्षसम्म पनि लाभांश वितरण नगरेको तर एनएमबि बैंकले मर्जर पश्चात शेयरधनीहरुलाई २१ प्रतिशत बोनस शेयर १४ प्रतिशत नगद लाभांश वितरण गरी शेयरधनीहरुको हौसला बढाई दिएको भन्दै खुशी व्यक्त गर्नुभयो । बैंकको हाल भएको शाखाहरुमा सवारी साधन पार्किङ्गको समस्या रहेकाले सोको व्यबस्था मिलाउन, एटिएम मेशिनहरुमा समय समयमा समस्या आई रहने भएकाले बरु थोरै एटिएम मेशिनहरु होस् तर ग्राहकहरुलाई राम्रो सेवा प्रदान गर्ने तर्फ ध्यान दिन सुझाब दिनुभयो । साथै, कर्मचारीहरुलाई समय सुहाउदो तालिम र सुविधा दिएमा बैंक

सधै अगाडी बढ्ने विश्वास व्यक्त गर्दै आगामी बर्षको वार्षिक साधारण सभा समयमा सम्पन्न गर्न र यस बर्ष भन्दा कम नहुने गरी आगामी बर्ष पनि लाभाँस बाड्न अनुरोध गर्नुभयो ।

१३) **श्री डण्डपाणि भट्ट** : उहाँले बैकिङ्ग क्षेत्रमा तिब्र प्रतिस्पर्धाको बावजुद पनि बैंकले अघिल्लो बर्षको मुनाफाबाट शेयरधनीहरुलाई ३५ प्रतिशत मुनाफा वितरण गर्न सफल भएको छ, यसलाई बैंकको सबल पक्षको रुपमा लिनु पर्छ भन्दै आगामि बार्षिक साधारण सभा दशै अगाडी आश्विन महिना भित्र गरेमा राम्रो हुने सुझाब दिनुभयो । बैंकको निक्षेप बढेको छ, शाखाको संख्या पनि बढेको देखिन्छ भन्दै नेपाल राष्ट्र बैंकको नियम अनुसार बैंकले संस्थागत सामाजिक उत्तरदायित्वमा पारदर्शी रुपमा खर्च गरेको देखिन्छ भन्नु भयो । साथै, कुनै पनि संस्थालाई अगाडी बढाउनको लागि संस्थाको मेरुदण्ड भनेको कर्मचारी भएकाले उनीहरुलाई प्रोत्साहन गर्न सुझाब दिँदै हाल दिएको मुनाफा कायम राखिराख्न सकोस भनि संस्थाको उत्तरोउत्तर प्रगतीको कामना व्यक्त गर्नुभयो ।

१४) **श्री चन्द्र नारायण श्रेष्ठ** : उहाँले वार्षिक साधारण सभामा शेयरधनीहरुको बाक्लो उपस्थिति भएकोमा सबैलाई धन्यवाद दिदै ३५ प्रतिशत लाभांस वितरण गर्न सकेकोमा बैंक सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्नुभयो । बैंकले अर्को वर्ष पनि यसरीनै प्रतिफल दिन ४/५ अरवको नाफा आर्जन गर्नुपर्ने भएकाले दिगो रुपले प्रतिफल दिन तथा भावि दिनहरुमा समेत शेयरधनीहरुको अपेक्षा बमोजिम प्रतिफल प्रदान गर्न अझ सबल र बलियो बैंकको रुपमा स्थापित गर्ने योजना सहित अघि बढ्नु पर्ने कुरामा जोड दिनुभयो ।

१५) **श्री पशुपति मिश्र** : उहाँले संस्थाको पूर्व सञ्चालक मित्रहरुले के काम गर्नु भयो र अहिले आउने सञ्चालकहरुले के के राम्रा काम गर्नेछन् भनि समिक्षा गर्ने बेला भएको छ भन्दै कर्जा प्रवाह र मात्र असुली मात्र गरेर हुदैन कर्जाको सहि सदुपयोग हुने व्यवस्था गर्न सक्ने गरी कर्मचारीहरुलाई सबल सक्षम बनाउन तालिमको व्यबस्था गर्न आग्रह गर्नुभयो । साथै, बैंकमा सबैले खाता खोलेको हुन्छन् तर स्टेटमेन्ट मागी हेर्दा पढ्न आउदैन, हामीले आईपिएसबाट पनि कारोबार गरेका हुन्छौ तर स्टेटमेन्टमा हेर्दा कहाँबाट कसरी कसले खातामा रकमान्तर भएको भन्ने हेर्न गाह्रो भएकाले स्टेटमेन्टमा कारोवारको विवरण स्पष्ट लेख्ने लेखाउने व्यबस्था मिलाउनु होस भन्ने सुझाब दिनु भयो ।

१६) **श्री टि पुराहरन सि पि रामकृष्णन** : उहाँले निरन्तर प्रगति गरि रहेको एनएमबि बैंकको संस्थापक शेयरधनी हुन पाएकोमा खुसी व्यक्त गर्दै बैंकले आगामि दिनमा अझै प्रगति गर्दै जाने विश्वास व्यक्त गर्नु भयो । बैंकको यो प्रगति व्यवस्थापनको कडा मिहेनत तथा प्रतिवद्धता र फाइनान्स कम्पनी देखि सञ्चालक समितिमा रहि काम गर्नुहुने सञ्चालकहरु तथा वर्तमान सञ्चालक समितिका सदस्यहरुको निरन्तर प्रयासले सम्भव भएको धारणा राख्नु भयो । सफलतापूर्वक मर्जर सम्पन्न भएकोमा सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद दिदै सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको आजको चुनावलाई सकारात्मक रुपमा लिएको छु भन्नु भयो । उहाँले व्यस्थापन र निर्वाचन पछि गठन हुने सञ्चालक समितिले बैंकको प्रगतिका लागि मिलेर काम गर्ने विश्वास व्यक्त गर्नु भयो । साथै, आजको साधारण सभाबाट निर्वाचित हुने सञ्चालकहरुलाई बधाई तथा शुभकामना दिनुभयो । (अंग्रेजीमा व्यक्त गर्नु भएको मन्तव्यलाई नेपालीमा संक्षिप्त रुपान्तरण गरिएको)

१०. **शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिका तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :**

**सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ :**

शेयरधनीहरुबाट उठेका प्रश्न तथा गुनासाहरुका सम्बन्धमा जवाफ दिदै बैंकका अध्यक्ष तथा सभाका सभापतिले शेयरधनीहरुबाट आएको सुझावहरु प्रति आभार व्यक्त गर्दै यहाँहरुले हामीहरुको कमी कमजोरी औंल्याई दिनु भएको छ सोमा आवश्यक सुधारहरु गर्छौ भन्नुभयो । उहाँले एनएमबि बैंक लि. र ओम



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

डेभलपमेन्ट बैंक लि. एक आपसमा गाभ्ने गाभिने कार्य मिति २०७६ आश्विन ११ गते सम्पन्न भए पश्चात दुबै बैंकको वित्तीय विवरण नेपाल राष्ट्र बैंकबाट छुट्टाछुट्टै स्वीकृत हुनु पर्ने भएकाले बैंकको साधारण सभा ढिलो हुन गएको र अर्को बर्ष छिटो सम्पन्न गर्न प्रयासरत रहने जानकारी गराउनु भयो । मर्जर पश्चात साविक ओम डेभलपमेन्ट बैंक रहेको शाखामा दुबै बैंकको नाममा बोर्ड रहेको शेयरधनीको जिज्ञासामा प्रचलित कानुनी व्यवस्था बमोजिम मर्जर पछिको बैंकको बोर्डमा साविक ओम डेभलपमेन्ट बैंकको नाम समेत राखिएको र यसले साविक ओम डेभलपमेन्ट बैंकका ग्राहकहरुलाई पहिचान गर्न सहज भएको समेत जानकारी गराउँदै शेयरधनीहरुको अन्य जिज्ञासा तथा प्रश्नहरुको जवाफ दिनका लागि माईक प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सी. लाई हस्तान्तरण गर्नुभयो ।

**सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिको आज्ञाले प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सी. ले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ तथा आफ्नो मन्तव्य :**

बैंकका कार्यकारी अधिकृत सुनिल के.सी. ले सबैलाई धन्यवाद दिदै शेयरधनीहरुको साभामा बाक्लो उपस्थितिले आगामी दिनहरुमा यसरीनै प्रगति र उन्नती गर्ने हौसला प्राप्त भएको छ भन्नुहुदै शेयरधनीहरुबाट आएको प्रश्न तथा जिज्ञासाहरुमा निम्न बमोजिमको जवाफ तथा धारणाहरु राख्नु भयो ।

- एनएमबि बैंक "क" वर्गको वाणिज्य बैंक भएको ११ बर्ष मात्र भएतापनि अन्य पुराना बैंकहरुसंग प्रतिष्पर्द्धा गरिरहेको छ । यो बर्ष लाभांश दिने बैंकहरुमा हामी पहिलो भएका छौं भने विगत ३ बर्षमा बैंकले वितरण गरेको औषतमा लाभांशलाई हेर्दा लगभग यो २७ प्रतिशत हो ।
- ओम डेभलपमेन्ट बैंकसंगको मर्जर पश्चात हामी गण्डकी प्रदेशमा सबै भन्दा ठूलो बैंक भएका छौं । हामी रणनैतिक रुपले विस्तारै अगाडी बढिरहेका छौ भन्दै एनएमबि बैंकले एउटा भिन्न किसिमको पहिचान बनाई सकेकाले अब आउने दिनमा यस बैंक नेपालको उत्कृष्ट बैंक हुनेछ ।
- एनएमबि बैंक नेपालका मुलधारको बैंक भन्दा फरक रुपमा Value Based Banking मा विश्वास गर्ने बैंक भएको र बैंकको काम कारवाहीहरु पनि Value Based Banking मा आधारित रहेको ।
- बैंकले नाफा भन्दा समग्र देशको अर्थ व्यस्थामा सहयोग पुग्ने गरि काम गरि रहेकाले अन्य बैंकसंग एनएमबि बैंकलाई तुलना गरेर हेर्न नमिल्ने ।
- आगामी ४/५ बर्षमा हामी नेपालको बैकिङ्ग सेक्टरलाई नै फरक ठाउँमा उभ्याउने गरि अगाडी बढी रहेका छौं ।
- बैंकले डिजिटाइजेशनमा ठुलो लगानी गरेको छ जसले साइबर सेक्यूरिटीलाई बलियो बनाउन मद्दत गर्दछ र यसमा एफएमओले समेत सहयोग गरिरहेको छ ।
- हाल नेपाल राष्ट्र बैंकद्वारा स्प्रेड दर घटाएको, कम्प्लायन्स, एएमएल लगायतका क्षेत्रहरुमा लागत बढेकाले समग्र बैंकिङ्ग क्षेत्रको नाफामा असर पुग्ने देखिएतापनि बैंकले आगामी बर्ष पनि राम्रो प्रतिफल दिन प्रतिवद्ध रहनेछ ।
- बालुवाटारको जग्गा प्रकरणसंग सम्बन्धित जग्गाहरुमा बैंकको लगानी नरहेको ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

- नेपाली बैंकहरु मध्ये बैंकको संस्थागत सुशासन राम्रो भएकोलेनै बैंकले संस्थागत सुशासनमा अवार्ड समेत पाएको ।

अन्त्यमा उहाँले शेयरधनीहरुबाट प्राप्त सुझाव तथा सल्लाह प्रति आभार प्रकट गर्दै आगामी बर्ष बैंकले अझै प्रगति गर्ने अपेक्षा गरेका छौं भन्नुभयो ।

**११. <u>सभाबाट पारित प्रस्तावहरू :</u>**

साधारण सभामा पूर्व सूचित छलफलका विषयहरूमा छलफल गरी पारित गर्न सभापतिको आज्ञाले बैंकका कम्पनी सचिवले क्रमानुसार राख्नु भएको देहायका प्रस्तावहरू उपर सभाका शेयरधनीहरूले सर्वसम्मतिबाट देहाय बमोजिमको प्रस्तावहरू पारित गर्नुभयो ।

**(क) <u>सामान्य प्रस्ताव :</u>**

(१) चौबीसौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणले पेश गर्नु भएको वार्षिक प्रतिवेदन आ.व. २०७५/७६ पारित गर्ने प्रस्ताव उपर सभामा छलफल भई सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. ०७५/०७६ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण लगायतका वित्तीय अवस्थाको विवरणहरु (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लि. र एनएमबि लघुवित्त वित्तीय संस्था लि. समेतको एकिकृत वित्तीय अवस्थाको विवरणहरु र साविक ओम डेभलपमेन्ट बैंक लि. को आ.व. ०७५/०७६ को वित्तीय अवस्थाको विवरणहरु लगायतका अन्य विवरणहरु समेत) पारित गर्ने प्रस्ताव उपर सभामा छलफल भई सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व.०७६/०७७ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने प्रस्ताव उपर सभामा छलफल भई हालको लेखापरीक्षक श्री एस ए आर एशोसिएट्स, चार्टड एकाउन्टेन्टलाई लेखापरीक्षकमा रू.९,९०,०००/-(अक्षेरेपि नौ लाख नब्बे हजार मात्र) (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(४) तत्कालिन ओम डेभलपमेन्ट बैंक लि., को आ.व. २०७६/०७७ को असोज १० गतेसम्मको लेखापरीक्षण गर्नका लागि श्री एनएआरएस चार्टर्ड एकाउन्टेन्टलाई पारिश्रमिक रु.२,००,०००। (दुई लाख) (मूल्य अभिबृद्धि कर बाहेक) प्रदान गर्ने गरि सञ्चालक समितिबाट गरिएको नियुक्तिलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल भई सभाबाट सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय भयो ।

(५) सञ्चालक समितिबाट सिफारिस भए बमोजिम हाल कायम चुक्ता पुंजी रु.११,५२,९७,४१,७०७/९६ (अक्षेरेपि एघार अरब बाउन्न करोड सन्तानब्बे लाख एकचालीस हजार सात सय सात र पैसा छयानब्बे मात्र) को १४ (चौध) प्रतिशतका दरले हुन आउने रु.१,६१,४१,६३,८३९/११ (अक्षेरेपि एक अरब एकसठ्ठी करोड एकचालीस लाख त्रीसठ्ठी हजार आठ सय उनान्चालीस र पैसा एघार मात्र) नगद लाभांश (नगद लाभांश तथा बोनस शेयरको कर प्रयोजनका लागि समेत) वितरणको लागि स्वीकृती प्रदान गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

(ख) **विशेष प्रस्ताव :**

(१) बैंकको वर्तमान जारी पुंजी रु.११,५२,९७,४१,७०७/९६ (अक्षेरेपि एघार अरब बाउन्न करोड सन्तानब्बे लाख एकचालीस हजार सात सय सात र पैसा छयानब्बे मात्र) बाट बृद्धि गरी रु.१३,९५,०९,८७,४६६/९६ (अक्षेरेपि तेह्र अरब पन्चानब्बे करोड नौं लाख सतासी हजार चार सय छैसठ्ठी र पैसा छयानब्बे मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

(२) बैंकको जारी पुँजी बृद्धि गरिने भएकाले सो बराबर चुक्ता पुँजी पुऱ्याउन वर्तमान चुक्ता पुँजीको २१ (एक्काईस) प्रतिशतको अनुपातमा रु.२,४२,१२,४५,७५९/-(अक्षेरेपि दुई अरव बयालीस करोड बाह्र लाख पैंतालीस हजार सात सय उनान्साठ्ठी मात्र) वोनस शेयर जारी गर्न स्वीकृती प्रदान गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

(३) वोनस शेयर जारी भए पश्चात बैंकको जारी पुंजी तथा चुक्ता पुंजी बृद्धि हुने भएकोले देहाय बमोजिम हुने गरि बैंकको प्रवन्धपत्र संशोधन गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो :

(अ) प्रवन्धपत्रको दफा ६(ख) मा हाल रहेको "बैंकको जारी पूँजी रु.११,५२,९७,४१,७०७।९६ (अक्षेरेपि एघार अरब बाउन्न करोड सन्तानब्बे लाख एकचालीस हजार सात सय सात र पैसा छयानब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ११,५२,९७,४१७.०७ (अक्षेरेपी एघार करोड बाउन्न लाख सन्तानब्बे हजार चार सय सत्र दशमलव शुन्य सात) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको जारी पूँजी रु.१३,९५,०९,८७,४६६।९६ (अक्षेरेपि तेह्र अरब पन्चानब्बे करोड नौं लाख सतासी हजार चार सय छैसठ्ठी र पैसा छयानब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका १३,९५,०९,८७४.६६ (अक्षेरेपि तेह्र करोड पन्चानब्बे लाख नौ हजार आठ सय चौहत्तर दशमलव छैसठ्ठी) थान शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था कायम गर्ने ।

(आ) प्रवन्धपत्रको दफा ६(ग) रहेको "बैंकको चुक्ता पूँजी रु. ११,५२,९७,४१,७०७।९६ (अक्षेरेपि एघार अरब बाउन्न करोड सन्तानब्बे लाख एकचालीस हजार सात सय सात र पैसा छयानब्बे मात्र) हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरि "बैंकको चुक्ता पूँजी रु.१३,९५,०९,८७,४६६।९६ ( अक्षेरेपि तेह्र अरब पन्चानब्बे करोड नौं लाख सतासी हजार चार सय छैसठ्ठी र पैसा छयानब्बे मात्र) हुनेछ ।" भन्ने व्यवस्था कायम गर्ने ।

(४) बैंकको नियमावलीमा देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

(अ) नियमावलीको नियम २७(२) मा हाल रहेको "यस बैंकमा ७ जनाको संचालक समिति हुनेछ जसमा संस्थापक समूहबाट मनोनित/निर्वाचित ३ जना, सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र सञ्चालक हुनेछन् ।" भन्ने व्यवस्थालाई संशोधन गरि "यस बैंकमा ७ जनाको संचालक समिति हुनेछ जसमा संस्थापक समूह Nederlandse Financierings-Maatschappij Voor Ontwikkelingslanden N.V. (FMO), Nederland बाट मनोनित १ जना समेत गरी मनोनित/निर्वाचित ३ जना तथा सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र सञ्चालक हुनेछन् ।" भन्ने व्यवस्था कायम गर्ने ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

(आ) नियमावलीको नियम ३२(ख) मा हाल रहेको “संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य संचालकहरुले पाउने प्रति बैठक भत्ता क्रमश: १३,०००।- र १२,०००।- हुनेछ ।” भन्ने व्यवस्थालाई संशोधन गरि “संचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्ष र अन्य संचालकहरुले पाउने प्रति बैठक भत्ता क्रमश: १८,०००।- र १६,०००।- हुनेछ ।” भन्ने व्यवस्था कायम गर्ने ।

(इ) नियमावलीको नियम ३२(ग) (आ) हाल रहेको देहाय बमोजिमको हालको व्यवस्थालाई देहाय बमोजिम संशोधन गर्ने ।

**हालको व्यवस्था**

खाना खर्च वापतको सुविधा :

| पद/खर्च शिर्षक | एरिया १ (अमेरिकी डलर) | एरिया २ (अमेरिकी डलर) | एरिया ३ (अमेरिकी डलर) | एरिया ४ (भा.रु.) | एरिया ५ (ने.रु.) |
|---|---|---|---|---|---|
| अध्यक्ष (खाना खर्च) | १६५.०० | ११०.०० | ९९.०० | २,२००.०० | २,२००.०० |
| संचालक (खाना खर्च) | १४३.०० | ९९.०० | ८८.०० | १,६५०.०० | १,६५०.०० |

**संशोधित व्यवस्था :**

दैनिक भ्रमण भत्ता :

| पद/खर्च शिर्षक | एरिया १ (अमेरिकी डलर) | एरिया २ (अमेरिकी डलर) | एरिया ३ (अमेरिकी डलर) | एरिया ४ (भा.रु.) | एरिया ५ (ने.रु.) |
|---|---|---|---|---|---|
| अध्यक्ष | २५०।- | २५०।- | २००।- | ११,०००।- | ११,००० ।- |
| संचालक | २२५।- | २२५।- | १७५ ।- | १०,०००।- | १०,००० ।- |

(ई) नियमावलीको नियम ३२(ग) (इ) मा हाल रहेको “उपखण्ड (अ) र (आ) मा उल्लेख गरिएका रकम सीमामा नबढ्ने गरि होटेल तथा खाना खर्च बिल अनुसार र उल्लेख नगरिएका अन्य खर्चहरु (भ्रमण भत्ता) जस्तै: भ्रमण गर्दा लाग्ने हवाई टिकट, पासपोर्ट, भिसा खर्च, सम्पर्क र परिवहन, आदि वास्तविक बिल बमोजिम हुनेछ ।” भन्ने व्यवस्थालाई संशोधन गरि “उपखण्ड (अ) र (आ) मा उल्लेख गरिएदेखि वाहेक भ्रमण गर्दा लाग्ने हवाई टिकट, पासपोर्ट, भिसा खर्च, सम्पर्क र परिवहन, आदि वास्तविक बिल अनुसार सोधभर्ना गरिनेछ ।” भन्ने व्यवस्था कायम गर्ने

(५) अन्य बैंक तथा वित्तीय संस्थालाई प्राप्ति गर्न तथा अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग मर्जर प्रकृया अघि बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने तथा सोका लागि मुल्यांकनकर्ताको नियुक्ति तथा निजको पारिश्रमीक तोक्ने, गाभ्ने तथा प्राप्ति सम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने लगायतका सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

(६) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

(ग) विविध तर्फ छलफलको विषय नभएको ।

सभाको सभापतित्व गरिरहनु भएका बैंकका अध्यक्षज्यूले सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतिले पारित गरिदिनु भएकोमा शेयरधनी महानुभावहरुलाई धन्यवाद दिंदै सञ्चालक समितिको निर्वाचन कार्यक्रम अघि बढाई दिनुहुन निर्वाचन अधिकृत श्री विमल प्रसाद ढकालज्यूलाई अनुरोध गर्नुभयो ।

(घ) **निर्वाचन सम्बन्धमा :**
निर्वाचन अधिकृतज्यूले निर्वाचन कार्यक्रम शुरु गर्नुभयो ।

मिति २०७६/०८/२६ गते साधारण सभाको सूचनामा प्रकाशित भए बमोजिम बैंकको संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक (पद संख्या ३) र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक (पद संख्या ३) को निर्वाचन गर्ने सम्बन्धमा निर्वाचन अधिकृत श्री विमल प्रसाद ढकालद्वारा मिति २०७६/०९/१० मा निर्वाचन सम्बन्धी कार्यक्रम प्रकाशित भए अनुसार निर्वाचन तालिका बमोजिम हालसम्म सम्पन्न गर्नुपर्ने सम्पूर्ण कार्यक्रमहरु सम्पन्न भएको जानकारी सभालाई गराउदै देहाय वमोजिमका संस्थापक शेयरधनीहरुको समूहबाट ३ जना सञ्चालक निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

**संस्थापक समुहबाट निर्विरोध निर्वाचित उम्मेदवारहरुको नाम :**

१. श्री पवन कुमार गोल्याण
२. श्री कर्मचारी संचय कोष (प्रतिनिधि श्री राजेन्द्र काफ्ले)
३. Nederlandse Financierings-Maatschappij voor Ontwikkelingslanden N.V. – the "FMO" (प्रतिनिधि श्री निको पिल)

सो पश्चात निर्वाचन अधिकृतबाट सर्वसाधारण शेयरधनीहरु तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक (पद संख्या ३) का लागि श्री हरिश्चन्द्र सुवेदी, श्री रवि शंकर सैजू, श्री योगेन्द्र लाल प्रधान, श्री जिवन कुमार बुढाथोकी, श्री उत्तम भ्लोन र श्री शिरिष कुमार मुरारका समेत ६ जनाको मनोनय दर्ता भएकाले मतदान कार्यक्रम घोषणा गर्नुभयो ।

मतदान कार्यक्रम सम्पन्न भए पश्चात निर्वाचन परिणामको घोषणा गर्दै निर्वाचन अधिकृतबाट श्री हरिश्चन्द्र सुवेदीले १,४०,४९,४२५ मत, श्री रविशंकर सैंजूले २४,५०,९९१ मत, श्री योगेन्द्र लाल प्रधानले १,५०,१४,७०० मत, श्री जिवन कुमार बुढाथोकीले ६,१७,४४७ मत, श्री उत्तम भ्लोनले १,६६,२३,७९२ मत र श्री शिरिष कुमार मुरारकाले १,८१,९८,६३६ मत प्राप्त भएको जानकारी साधारण सभालाई गराउनु भई सबैभन्दा बढी मत प्राप्त गर्ने देहाय बमोजिमका ३ जना उम्मेदवारहरु सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित भएको व्यहोरा सभामा घोषणा गर्नुभयो ।

**सर्वसाधारण शेयरधनी समूहको तर्फबाट निर्वाचित हुने उम्मेदवारहरुको नाम :**

१. श्री योगेन्द्र लाल प्रधान
२. श्री उत्तम भ्लोन
३ श्री शिरिष कुमार मुरारका



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

निर्वाचन अधिकृतबाट घोषित निर्वाचन परिणामलाई साधारण सभाले सर्वसम्मतिबाट पारित गरि नवनिर्वाचित सञ्चालकज्यूहरुलाई बधाई तथा शुभकामना व्यक्त गरियो ।

१२. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

नवनिर्वाचित सञ्चालक समितिका सदस्यहरुलाई बधाई दिदै आजको साधारण सभा सौहाद्रपूर्ण वातावरणमा शान्तिपूर्वक सम्पन्न भएकाले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, सञ्चालक समितिका सदस्यहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पर्यवेक्षक, बैंकका कर्मचारी, पत्रकार लगायत अन्य उपस्थित सम्पुर्ण महानुभावहरूलाई समेत यस बैंकको २४औं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सभाका सभापतिले हार्दिक धन्यवाद ज्ञापन गर्नुभई सभा समापन भएको घोषणा गर्नुभयो ।

द. --------------
ध्रुब प्रसाद अधिकारी
कम्पनी सचिव

द. --------------
पवन कुमार गोल्याण
अध्यक्ष

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड